# निर्वाचन क्षेत्र विकास कार्यक्रम, (सञ्चालन कार्यविधि),

# (दोश्रो संशोधन) नियमावली, २०६४⊕

**निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०५८ मा समयानुकूल संशोधन गर्न आवश्यक भएकोले,**
आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु वनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो नियमवलीको नाम "निर्वाचन क्षेत्र विकास कार्यक्रम, (सञ्चालन कार्यविधि), **(दोश्रो संशोधन) नियमावली, २०६४"**⊕ रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

**(क) "व्यवस्थापिका संसद सदस्य" भन्नाले नेपालको अन्तरिम संविधान २०६३ को धारा ४५ मा व्यवस्था भए बमोजिमका व्यवस्थापिका संसद सदस्य सम्झनु पर्छ।** ⊕

(ख) "कार्यक्रम" भन्नाले निर्वाचन क्षेत्र विकास कार्यक्रम र सो अन्तर्गत सञ्चालन हुने आयोजना, योजना समेत सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले स्थानीय विकास मन्त्रालय सम्झनु पर्छ।

(घ) "सचिव" भन्नाले जिल्ला विकास समितिको सचिव सम्झनु पर्छ।

(ङ) "उपभोक्ता समिति" भन्नाले स्थानीय स्तरमा सञ्चालन हुने भनी नेपाल सरकार वा अन्य निकायले निर्धारण गरेको कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले त्यस्तो कार्यक्रमको सञ्चालन र मर्मत सम्भार गर्न आफू मध्येबाट छानिएका व्यक्तिहरु रहने गरी सम्वन्धित **व्यवस्थापिका**⊕ संसद सदस्य वा निजको प्रतिनिधि वा सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकाको प्रतिनिधिको रोहवरमा गठन गरेको समिति सम्झनु पर्छ।

३. कार्यक्रमको छनौटः (१) **नेपालको अन्तरिम संविधान, २०६३ को तेश्रो संशोधन अनुसार समेत व्यवस्था भए बमोजिमका व्यवस्थापिका-संसद सदस्यले तोकेको कुनै जिल्लामा निजले छनौट गरेको योजना/कार्यक्रम संचालन गर्न सकिनेछ।**⊕

(२) उपनियम (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको छनौट **व्यवस्थापिका**⊕ संसद सदस्य वा निजको प्रतिनिधिले गर्नेछ।

(३) उपनियम (२) वमोजिम कार्यक्रम छनौट गर्दा १ वर्षभित्र कार्यान्वयन गर्न सकिने तीस हजार रुपैयाँ भन्दा वढी लागत भएका कार्यक्रम छनौट गरी अनुसूची (१) वमोजिमको कार्यान्वयन तालिका समेत वनाई सम्वन्धित जिल्ला विकास समितिको कार्यालयमा प्रत्येक आ.व. को पहिलो चौमासिकभित्र पेश गरिसक्नुपर्नेछ।

**तर आर्थिक वर्ष २०६४/६५ को लागि सम्वत २०६४ सालको फाल्गुण मसान्तसम्म कार्यक्रम पेश गर्न सकिनेछ।** ♠

(४) उपनियम (२) बमोजिम प्राप्त भएको कार्यक्रमको प्रतिलिपि सहित सम्वन्धित जिल्ला विकास समितिको कार्यालयले एक महिनाभित्र रकम निकासाका लागि सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(५) उपनियम (३) बमोजिमको अवधिभित्र कार्यक्रम पेश नगरेमा वा उपनियम (४) बमोजिम रकम निकासा माग नभएमा यो नियम बमोजिमको रकम निकासा हुने छैन।

(६) उपनियम (२) बमोजिम छनौट गरिने कार्यक्रम देहाय बमोजिमको हुनु पर्नेछः-

---

♠ दोश्रो संशोधनबाट थप गरिएको।

⊕ दोश्रो संशोनबाट संशोधित।

(क) आवधिक जिल्ला विकास योजना र अन्य क्षेत्रगत योजनाको परिधिभित्र परेको,
(ख) महिला, वालवालिका, दलित, अपाङ्ग तथा विपन्न वर्गको उत्थान र विकास सम्वन्धी,
(ग) कम्तीमा बीस प्रतिशत जनसहभागिता हुने ।

४. कार्यक्रमको किसिमः (१) कार्यक्रमको किसिम देहाय वमोजिम हुनेछ :-

(क) सिंचाई, खानेपानी, बाटो, पुल, विद्यालय आदि जस्ता भौतिक पूर्वाधार एवं सांस्कृतिक तथा धार्मिक विकास र मर्मत सम्बन्धी,

(ख) आयमूलक तालीम तथा शीप विकास सम्बन्धी,

(ग) शिक्षकको पारिश्रमिक, खेलकुद विकास तथा शैक्षिक सामाग्री **र महिला, दलित, आदीवासी जनजाती, मधेशी समुदाय, अपाङ्ग र उत्पिडित लगायत अन्य विपन्न वर्गका छात्र छात्राहरुलाई छात्रवृत्ति दिने सम्वन्धी ।**⊕

(घ) स्वास्थ्य सेवा, स्वास्थ्य सम्बन्धी उपकरण तथा औषधी सम्बन्धी,

(ङ) ..........................

(२) उपनियम (१) बमोजिमका कार्यक्रम गैर सरकारी संस्था तथा अन्य निकायसंग साझेदारी तथा समन्वय गरी सञ्चालन गर्न सकिनेछ ।

५. प्रतिनिधि तोक्न सक्ने : कार्यक्रमको तर्जुमा, सञ्चालन सम्बन्धी कार्य गर्नको लागि **व्यवस्थापिका**⊕ संसद सदस्यले प्रतिनिधि तोक्न सक्नेछ । यसरी प्रतिनिधि तोकिएकोमा सोको जानकारी सम्बन्धित जिल्ला विकास समितिलाई दिनु पर्नेछ ।

६. कार्यक्रम सञ्चालन तथा कार्यान्वयनः (१) नियम ३ बमोजिम छनौट भएका कार्यक्रम अनुसूची -२ बमोजिमको ढाँचामा सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरेको कार्यक्रम सञ्चालन र कार्यान्वयन गर्दा जिल्ला विकास समितिको कार्यालयले जनसहभागितालाई प्राथमिकता दिई स्थानीय उपभोक्ता समूह, सरकारी कार्यालय वा गैर सरकारी संस्था मार्फत गर्नुपर्नेछ ।

(३) भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित विषयको प्राविधिकले तयार गरेको लगत इष्टिमेट बमोजिम, अन्य कार्यक्रमको हकमा सम्बन्धित संस्थाले तयार गरेको प्रस्तावलाई **व्यवस्थापिका**⊕ संसद सदस्य वा निजको प्रतिनिधिको सिफारिश साथ र **व्यवस्थापिका**⊕ संसद सदस्य आफैले तयार पारेको कार्यक्रम भए सो समेत उल्लेख गरी जिल्ला विकास समितिको कार्यालयमा कार्यान्वयनको लागि पेश गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त हुन आएका कार्यक्रमको आधारमा जिल्ला विकास समितिको कार्यालयले सम्वन्धित निकायसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट निकासा दिनु पर्नेछ ।

(५) जिल्ला विकास समितिको कार्यालयले कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन गर्दा सम्बन्धित **व्यवस्थापिका**⊕ संसद सदस्यबाट पेश भएको अनुसूची -१ बमोजिमको कार्यान्वयन तालिका वमोजिम कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

(६) कार्यक्रमको कार्यान्वयन, रेखदेख तथा जाँचपास गर्ने सम्बन्धमा आवश्यक पर्ने प्राविधिक सहयोग आवश्यकता अनुसार जिल्ला विकास समितिको कार्यालय वा जिल्ला स्तरीय सरकारी कार्यालयले उपलव्ध गराइदिनु पर्नेछ ।

(७) कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक पर्ने प्राविधिक कर्मचारीको व्यवस्था जिल्ला विकास समितिले गर्नु पर्नेछ ।

७. अख्तियारी पठाउने व्यवस्था र खाता संचालन : (१) नेपाल सरकार, अर्थ मन्त्रालयले सम्वन्धित **स्थानीय विकास अधिकारीलाई**⊕ रकम खर्च गर्ने अख्तियारी पठाई सो को जानकारी स्थानीय विकास मन्त्रालय र सम्वन्धित **व्यवस्थापिका**⊕ संसद सदस्यलाई दिनुपर्नेछ ।

(२) .......................

---

⊕ दोश्रो संशोनबाट संशोधित ।

(३) उपनियम (१) बमोजिम नेपाल सरकारबाट प्राप्त रकम खर्च गर्नका लागि कार्यक्रमको नाममा छुट्टै बैंक खाता खोली सो रकम उक्त बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिमको  खाता संचालन सचिव र जिल्ला विकास समितिको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) उपनियम (१) बमोजिमको रकम खर्च गर्दा नियम ६ को उपनियम (१) बमोजिम पेश भएका कार्यक्रम बाहेक अन्यत्र खर्च गर्न पाइने छैन् ।

(६) **व्यवस्थापिका संसद**⊕ सदस्यले नियम ६ को उपनियम (१) बमोजिम कार्यक्रम पेश गरेपछि **व्यवस्थापिका संसद**⊕ विघटन भए पनि उक्त कार्यक्रम कार्यान्वयन गर्न बाधा पर्ने छैन ।

(७) उपनियम (१) बमोजिम प्राप्त रकम आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई बाँकी रहेमा त्यस्तो रकम सम्वन्धित जिल्ला विकास समितिले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाउनु पर्नेछ ।

तर कार्यक्रम पेश नगर्दै कुनै कारणले **व्यवस्थापिका संसदको**⊕ सदस्य नरहेमा उक्त रकम स्वतः फ्रिज हुनेछ ।

८. प्रशासनिक खर्चको व्यवस्था : (१) कार्यक्रमको कूल रकमको १० प्रतिशतसम्म प्रशासनिक कार्यका लागि खर्च गर्न सकिने छ । त्यस्तो रकम जिल्लाको सदरमुकाम................♣मा खुलेको **व्यवस्थापिका**⊕ संसद सदस्यको सम्पर्क कार्यालयको सञ्चालनको निमित्त मसलन्द र **व्यवस्थापिका**⊕ संसद सदस्यको प्रतिनिधि, **व्यवस्थापिका**⊕ संसद सदस्यद्वारा **व्यवस्थापिका**⊕ संसद सदस्यको सम्पर्क कार्यालयमा काम गर्न नियुक्त भएको तथा अनुगमन कार्यका लागि खटाइएको व्यक्तिको पारिश्रमिक एवं सम्पर्क कार्यालयको घरभाडा लगायतका कार्यमा खर्च गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको प्रशासनिक कार्यको लागि छुट्टयाइएको रकम **व्यवस्थापिका**⊕ संसद सदस्यको सम्पर्क कार्यालयमा काम गर्न नियुक्ति पाएको व्यक्तिले प्रत्येक किस्तामा प्राप्त रकमको हिसाव बुझाएपछि अर्को किस्ता पाउने गरी जम्मा तीन किस्तामा निकासा दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम छुट्टयाएको रकमको परिधिभित्र रही खर्च गरिएको रकमको विवरण **व्यवस्थापिका**⊕ संसद सदस्यको प्रतिनिधि वा **व्यवस्थापिका**⊕ संसद सदस्यको सम्पर्क कार्यालयमा नियुक्ति पाएको व्यक्तिले जिल्ला विकास समितिको कार्यालयमा पठाउनु पर्नेछ । सचिवले प्राप्त भएको विवरण हेरी त्यस्तो खर्चलाई नियमानुसार फछ्र्यौट र फरफारक गर्नुपर्नेछ ।

(४) .........................

(५) कार्यक्रममा प्राविधिक सहयोग पुऱ्याउन जिल्ला विकास समितिको कार्यालयले हिमाली जिल्लाको हकमा तीन प्रतिशत र अन्य जिल्लाको हकमा एक दशमलव पाँच प्रतिशतसम्म रकम कट्टा गरी राख्नेछ ।

(६) उपनियम (५) बमोजिमको रकम निर्माण कार्यको सुपरिवेक्षण एवं अनुगमन र मसलन्द सम्वन्धी कार्यमा मात्र खर्च गर्न सकिनेछ ।

९. कार्यक्रममा भएको खर्चको फछ्र्यौट र फरफारकः (१) कार्यक्रममा भएको खर्चको बील भौचर सहितको विवरण सम्वन्धित उपभोक्ता समिति वा कार्य सम्पन्न गर्ने निकायले जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम हिसाब फछ्र्यौटका लागि कागजात प्राप्त भएपछि सचिवले उपनियम (३) बमोजिमको समितिमा जाँचपासका निम्ति पेश गर्नु पर्नेछ ।

(३) सचिव, योजना अनुगमन तथा प्रशासकीय अधिकृत, जिल्ला विकास समितिको प्राविधिक प्रमुख समेत रहेको समितिले सञ्चालित कार्यक्रम वा योजनाको जाँचपास र फरफारक गर्नेछ ।

---

⊕ दोश्रो संशोनबाट संशोधित ।

♣ दोश्रो संशोधनबाट झिकिएको ।

(४) उपनियम (२) बमोजिम जाँचपासको लागि पेश भएपछि सो समितिले सम्वन्धित प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका कामका सम्वन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम खटिईएको कर्मचारीले खर्च अनुसारको काम भएको वा नभएको प्रतिवेदन दिनु पर्नेछ र खर्च अनुसारको काम भएको प्रतिवेदनको आधारमा समितिले त्यस्तो कामको जाँचपास गरिदिन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम समितिबाट जाँचपास भैसकेपछि सचिवले प्रचलित कानून बमोजिम त्यस्तो कामको हिसाव फरफारक गरी सोको जानकारी सम्वन्धित **व्यवस्थापिका**⊕ संसद सदस्यलाई दिनेछ र त्यस्तो हिसावको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नेछ ।

१०. ..................................

**११. लेखा/ श्रेस्ता र लेखा परीक्षणः- (१) अर्थ मन्त्रालयबाट अख्तियारी बमोजिमको प्राप्त रकमको लेखा/श्रेस्ता जिल्ला विकास समितिको कार्यालयले राख्नुपर्नेछ ।** ♠

**(२) प्राप्त रकमको आन्तरिक र अन्तिम लेखा परीक्षण स्थानीय निकाय आर्थिक प्रशासन नियमावली अनुसार गर्नु गराउनु पर्नेछ ।** ♠

१२. प्रगति समीक्षाः सञ्चालित कार्यक्रमको प्रगति विवरण सचिवले जिल्ला विकास समितिको नियमित समीक्षा बैठकमा पेश गरी प्रगति समीक्षा गर्नु पर्नेछ र सोको जानकारी मन्त्रालयमा पठाउनुपर्नेछ ।

१३. अनुसूचीमा थपघट तथा हेरफेर : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

१४. बचाउः: (१) यस अघि निर्वाचन क्षेत्र विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०५८ बमोजिम भएगरेका कामकारवाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

(२) .........................

---

♠ दोश्रो संशोधनबाट थप गरिएको ।

⊕ दोश्रो संशोनबाट संशोधित ।

## अनुसूची - १

### निर्वाचन क्षेत्र विकास कार्यक्रम
### कार्यक्रम कार्यान्वयन तालिकाको नमूना
(नियम ३ को उपनियम (२) संग सम्बन्धित)

**व्यवस्थापिका**[⊕] संसद सदस्यको नाम:
..........................[♣]

जिल्ला

| सि.नं | सञ्चालन हुने कार्यक्रमको विवरण | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | सञ्चालन हुने गा.वि.स/ न.पा. वडा नं टोल | ब्यहोरिने लागत रकम रु. | | | | | | | लामान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यक्रमबाट | लगत सहभागिता | जन सहभागिता | सरकारी | गैसस | अन्य | जम्मा | | |
| | | | | | | | | | | | | | | |

---

♣ दोश्रो संशोधनबाट झिकिएको ।
⊕ दोश्रो संशोनबाट संशोधित ।

अनुसूची - २

निर्वाचन क्षेत्र विकास कार्यक्रम

कार्यक्रम प्रस्ताव पेश गर्ने फाराम

(नियम ६ को उपनियम (१) संग सम्बन्धित )

श्री जिल्ला विकास समितिको कार्यालय,

................................. जिल्ला ।

विषयः कार्यक्रम प्रस्ताव सम्बन्धी विवरण ।

आयोजना सञ्चालन गर्ने स्थानः - गा.वि.स./न.पा..................... वडा नं......... टोल .......

(क) आयोजनाको नामः-

(ख) आयोजनाको किसिम :-

(ग) लाभान्वित जनसंख्या :-

(घ) अधुरो योजना भए वर्तमान अवस्थाको विवरण :-

(ङ) थप गर्नुपर्ने कार्यको विवरण :-

(च) आयोजना सम्पन्न गर्न लाग्ने अनुमानित समयावधि :-

(छ) आयोजनाको अनुमानित खर्च रु.

(१) कार्यक्रमबाट रु.

(२) उपभोक्ता (जनसहभागिता) बाट रु.

(३) लागत सहभागिताबाट रु.

(४) सरकारी अनुदानबाट रु.

(५) गैर सरकारी संस्थाबाट रु.

(६) अन्य श्रोतबाट : रु.

(ज) कार्यक्रम शुरु हुने मिति :-

(झ) कार्यक्रम सम्पन्न हुने मिति :-

(ञ) उपभोक्ता समिति गठन गरी आयोजना सञ्चालन गरिने भए उपभोक्ता समितिको नामावली - (१) अध्यक्ष

(२) उपाध्यक्ष

(३) सचिव

(४) सदस्य

(५) सदस्य

(६) सदस्य

(७) सदस्य

ट. आयोजना सम्बन्धी अन्य केही भए उल्लेख गर्ने :-

**व्यवस्थापिका**⊕ संसद सदस्य वा निजको

प्रतिनिधिको नाम :

सहीः

..................♣

जिल्लाः

मितिः...........

(द्रष्टव्यः कार्यक्रम सम्पन्न भएको पैतीस दिनभित्र खर्चको विवरण पेश गरिसक्नु पर्नेछ ।)

---

♣ दोश्रो संशोधनबाट झिकिएको ।

⊕ दोश्रो संशोनबाट संशोधित ।